# जिज्ञासा र सुझाब

श्रीमान् सम्पादक ज्यू,
हाम्रो वन सम्पदा
काठमाडौं ।

सर्वप्रथम, "हाम्रो वन सम्पदा" सम्पादक मण्डललाई हार्दिक धन्यवाद टक्र्याउँद छु । म देवीथान सामुदायिक वन (सा.व.) उपभोक्ता समूह, मोरङ, वेलवारी-९ को सा.व. बारे जनचेतना कार्यक्रम चलाउने स्वयंसेवक हुँ । मलाई "हाम्रो वन सम्पदा" जस्तै थुप्रै सा.व. सम्बन्धी शैक्षिक सामग्रीहरुको खाँचो भैरहेको बेला धरानको केशर पुस्तक पसलमा दुवै अङ्क भेटाउदा खुसी लागेको छ "हाम्रो वन सम्पदा" ।

अर्को अङ्क पनि छ कि भनी माग्दा पसलेले सानो पसलमै पढ्दै गरेको छोरोलाई अह्रायो "बाबु! वन विज्ञान देउ-देऊ"। पसलेले हाम्रो वन सम्पदाको खास नाम राखेकोमा पनि अरु खुसी लाग्यो । वास्तवमा यो वन सम्पदा पत्रिका सा.व. बारे जिज्ञासा राख्ने र सा.व. उपभोक्ता समूहमा आवद्ध सबैका निम्ति यो वन विज्ञान नै हो - "हाम्रो वन सम्पदा" ।

हाम्रो देवीथान सा.व. का समूहले सा.व. बारे जनचेतना कार्यक्रम चलाउने भएकोले यो "हाम्रो वन सम्पदा" साह्रै उपयोगी वन विज्ञान भएको छ । पत्रिकाको बारेमा खोट लगाउने ठाँउ भेटिन । सबै रचनाहरु सामुदायिक वनलाई उभो लगाउने खालका छन् । पत्रिका पठनीयको साथ साथै सङ्ग्रहनीय छ । नेपालको हरेक सा.व. उपभोक्ता समूहहरुमा यो पत्रिका पुग्नु पर्छ । समूहले समूहको अरु सम्पत्ति सरह दर्ता गरी जतनसँग राख्नु पर्दछ पढ्दै पढ्न दिइदैं ।

यो पत्रिकामा वनस्पतिको वैज्ञानिक नामको सूची क्रमशः प्रकाशित गर्नुहुनेछ । साथै समूहका उपभोक्ताहरु प्रायजसो निरक्षर हुने हुँदा पत्रिकाको यो गुणस्तरीय कागजमा आकर्षक तस्वीरहरु सा.व. बारे रङ्गीन तस्वीरहरु पनि छाप्नु हुनेछ । पत्रिका मासिक कठिनाइ परे द्वैमासिक रुपमा प्रकाशित गर्नु होला ।

अनन्त शुभेच्छा सहित,
बद्रिनाथ गुरुङ, सचिव
जन चेतना सञ्चालन समूह,
श्री देवीथान सा.व.उ. समूह,
बेलवारी-९, मोरङ

---

श्रीमान् सम्पादक ज्यू,

हाम्रो वन सम्पदा–अङ्क दुई लगायत अन्य प्रतिवेदनहरु पनि अध्ययन गर्दा अनुसन्धानकर्ताहरुले प्राकृतिक स्रोत व्यवस्थापनमा (सा. व. को सन्दर्भमा) समस्याको विश्लेषण जति पर्याप्त रुपमा गरेको पाइन्छ, त्यो तुलनामा समाधान तथा सफलताको विश्लेषण त्यति गरेको पाइँदैन । यसले हाम्रो विकास प्रणालीमा गल्तीबाट सिक्दै जाने कुरालाई प्राथमिकता दिन लाग्छ र सफलताबाट सिक्दै जाने पद्धतिलाई गौण राख्न सक्छ, जसले सिर्जनात्मक सिकाइको प्रगोगलाई प्रोत्साहन गर्दैन ।

यसैगरी हाम्रो वन सम्पदा अङ्क २ का लेखहरुको निष्कर्ष र जानकारीहरु हेर्दा अधिकतम निष्कर्षहरुमा समूहको नेतृत्व व्यवस्थापनको पक्षलाई व्याख्या गर्दा अपारदर्शी भएको, एकल निर्णयको प्रवृति बढेको, निरङ्कुशतातिर उन्मुख भएको, नेतृत्वहरु अवसरवादी बन्दै गएको जस्ता कुराहरु उल्लेख गरेको पाइन्छ । एउटा पाटोबाट हेर्दा यसमा पर्याप्त सत्यता भएता पनि यसलाई सामान्यीकरण गर्नु इमान्दार योगदानकर्ताहरुको लागि अन्याय हुन जान्छ । एउटा यथार्थ के हो भने समूहमा सचेततापूर्वक र मनसाययुक्त कमजोरी गर्ने र अनभिज्ञतापूर्वक कमजोरी

हुने अवस्थाहरु फरक हुन्छन् । फरक अवस्थाको फरक यर्थाथता पहिचान नहुँदा हजारौं मान्छेले हजारौं दिनसम्म समाजमा निशुल्क स्वंयसेवा (कुल सा.व.उ. संख्या र समितिका पदाधिकारीहरुले इमान्दार र उपलब्धिमूलक काम गरेका दिनहरु) गरेर वर्तमान सफलतामा ल्याइपुऱ्याएको सामूहिक प्रयासलाई सयौं अनुसन्धानको सयौं पन्नाहरुमा समेत ती योगदानहरुको यथेष्ठ उल्लेख नगरिनु भनेको त्यो इमान्दार श्रमको शोषण र अपमान गर्नु हो । किनभने उनीहरुकै दिन गालेर, उनीहरुकै अवमूल्यन (कमजोरी मात्र हेरेर) गरेर हामी अनुसन्धानका नाममा आफ्नो जीविका राम्ररी चलाइरहेका हुन्छौं ।

यसकारण सामाजिक न्याय, उत्प्रेरणा तथा सशक्तिकरणको अध्ययन-अनुसन्धान गरिरहेको बेला त्यस्ता अनुसन्धानहरुले समूहहरुको विकासक्रम, योगदानहरुको सूक्ष्म विश्लेषण र त्यसको प्रचार-प्रसार गर्दा त्यो अनुसन्धान स्वयं पनि सामाजिक न्याय, उत्प्रेरणा र सशक्तिकरणको एउटा असल सुरुआत हुनसक्छ कि सक्दैन भनेर हेर्नु अनुपयुक्त हुँदैन । किनभने त्यो पनि अनुसन्धान पद्धतिको एउटा अनुसन्धान हुनसक्छ ।

-विर्ख छेत्री, असार १५ २००३

**धन्यवाद**

"हाम्रो वन सम्पदा" पत्रिकाको तारिफ गर्नाको साथै प्रगतिको शुभकामना दिनु भएकोमा धन्यवाद । तपाईंहरुले दिनु भएका सुझावहरुलाई यथासम्भंव स्थान दिइने छ ।

**सम्पादक**

## सच्याइएको

हाम्रो वन सम्पदाको वर्ष १ अङ्क २ मा नेत्र तिम्सिनाको लेख **सहभागिता एवं प्रतिनिधित्वको दृष्टिकोणमा सा.व. उपभोक्ता महासंघ** को तालिका २ लाई निम्न अनुसार सच्याइएर पढनुहोला । - सम्पादक

| जात-जातिको आधारमा | | सम्पत्ति अनुसारको वर्गको आधारमा | | | |
|---|---|---|---|---|---|
| | | धेरै धनी | मध्यम धनी | गरीव | जम्मा |
| ब्राम्हण, क्षेत्री, श्रेष्ठ | पुरुष | ७ | ६ | - | १३ |
| | महिला | ७ | ५ | - | १२ |
| अरु जात-जाति | पुरुष | - | - | - | - |
| | महिला | २ | - | - | २ |
| जम्मा | पुरुष | ७ | ६ | - | १३ |
| | महिला | ९ | ५ | - | १४ |

## नेपाली भाषामा उपलब्ध प्राकृतिक स्रोत तथा सामुदायिक वन सम्बन्धी प्रकाशनहरु

सङ्कलक : तारा भट्टराई

| सि.नं. | पत्रिकाको नाम | प्रकाशक | पाइने ठाउँ/पुस्तकालय |
|---|---|---|---|
| ४५ | सिर्जना (त्रैमासिक) | श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष चितवन र पर्यावरण सेवा केन्द्र , चितवन | पर्यावरण सेवा केन्द्र , भरतपुर-२ क्षेत्रपुर, चितवन पो.ब.नं. ४ नारायणगढ, फोन नं. ०५६-५२३६६३ |
| ४६ | जीवन (मासिक) | श्यामराजा पाण्डे | जीवन मासिक को कार्यलय, कालीमाटी पो.ब.नं. २०३९१ काठमाडौं, फोन नं. ४२७१२५९ |
| ४७ | वन दर्पण - भाग १ | के. बी. थापा व्यास न.पा. - ४, तनहूँ | के. बी. थापा, व्यास न.पा. - ४, तनहूँ |

(नोट :- सि.नं. १ देखि ४४ सम्मका सामाग्रीहरु अघिल्ला अङ्कहरुमा हेर्नुहोला ।)

**(वन सम्बन्धी नेपालीमा प्रकाशित पुस्तक, पत्रपत्रिका, बुलेटिन, रिपोर्टहरु यस पत्रिकाको ठेगानामा पठाई दिनुभएमा त्यसलाई हामी समीक्षा तथा प्रकाशन सूचीमा समावेश गर्ने छौं - सम्पादक)**

## सन्दर्भ सामाग्री


[१] **FRISP (1994).** Forest Research and Survey Center, *Publication 60*, Katmandu.
[२] **MFSC / DNPWC (1999).** *Buffer Zone Management Regulation, 1996* and *Buffer Zone Management Guidelines, 1999.* HMG, Nepal.
[३] **HMG / Nepal, MFSC (2000).** *Memo.* Collaborative Forest Management Aprroach for Terai, Churiya and Inner-Terai Forests, Kathmandu.
[४] **HMG / Nepal, (2003).** *Collaborative Forest Management Manual, (Draft),* MFSC, Kathmandu.
[५] **Pratima and Jattan, S. S., (1999).** Participatory Forest Management to meet basic needs of forest dependent communities. *Indian Forester* 125 (9) 895-902.
[६] हाम्रो वनः अन्तर्राष्ट्रिय पर्वतीय वर्ष २००२, श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, बबरमहल ।
[७] वन संरक्षण अध्ययन कार्यदलको प्रतिवेदन, २०४७, वन तथा भू-संरक्षण मन्त्रालय, पृ.सं.१२९.
[८] **डा. बराल, जगदिशचन्द्र र सुवेदी, बोधराज २०५६**ः तराईमा सामुदायिक वन विकासका समस्या र सुधारका सम्भावनाहरु, वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग, काठमाण्डौ ।
[९] **Pokharel B. K. 2001.** Community Forestry Management in the Terai. In *Community Forestry in Nepal: Proceeding of the workshop on Community Based Forest Resource Managemen.* Nov. 20-22,2000, Joint Technical Review Committee, Kathmandu, Nepal.
[१०] वनको साझेदारी व्यवस्थापन दिग्दर्शन, २०६०, श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाण्डौ ।
[११] Framework for Collaborative Forest Management in Nepal, February, 2003, FSCC-Collaborative Forest Management working Group, Kathmandu.
[१२] Framework for Strategic Forestry Plans, 1st Draft-Version 7, 23-June, 2003, LFP
[१३] Participatory Consultation Process on Bara Forest Management Report, 1998, Rural Development Center Pokhera, Nepal
[१४] नेपाल अधिराज्यको संविधान २०४७ , धारा २६(४)
[१५] जैविक विविधता महासन्धि १९९२, धारा ८
[१६] वन विकास गुरुयोजना, वन क्षेत्रको नीति, २०४५, श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय
[१७] दशौं योजना, (२०५९-२०६४), श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग,
[१८] **Hill, I. 1999.** Forest management in Nepal, Economics and ecology, World Bank Washington D.C.
[१९] **Shrestha, K. B. and Budhathoki, P. 1993.** Problems and prospects of community forestry development in the Terai region of Nepal. *Banko Janakari*, Vol. 4, No. 1. 24 -27 pp.
[२०] **Tamrakar, S. and Nelson, D.V. 1991.** Potential community forestry lands in Nepal. Part 2. Community Forestry Development Project, Kathmandu.
[२१] **K.C., H. 2003.** Collaborative forest management in Terai. *Jeewan*, Vol. 4, No.15. 65-67 pp.
[२२] **HMG/N, 2003.** Collaborative forest management manual, 2060. Ministry of Forest and Soil Conservation, Department of Forest. Babar Mahal, Kathmandu
[२३] **Shrestha, K. 2003.** People-centre multiple product management model of collaborative forest management for the Terai of Nepal. *Banko Janakari*, Vol. 12, No. 2. 17-24 pp.